का.जि.प्र.का.द.नं. १००/०५९/६०
२३ माघ २०८२
शुक्रबार
6 February 2026
Friday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्याह्न
राष्ट्रिय दैनिक

वर्ष २४, अंक १५ । पृष्ठ १० | Madhyanha National Daily | www.madhyanhadaily.com

कभर स्टोरी

# 'हेभिवेट'का हार

चुनावी प्रतिस्पर्धाले जित वा हार होइन, जनमतको परीक्षण मात्र गर्ने हो । तर केही प्रतिस्पर्धा त्यस्ता हुन्छन्, जसको चर्चा एउटा निर्वाचन क्षेत्रमा सीमित रहँदैन ।



महेश बस्नेत | विश्वदीप लिङ्देन | झक्कु सुवेदी | बवन सिंह



सर्वदेव ओझा | किसान श्रेष्ठ | सरला रेग्मी | राजन केसी

■ **जनक नेपाल र जीवन शर्मा** / मध्याह्न

भनिन्छ, लोकतन्त्रमा हार कसैको हुँदैन । चुनावी प्रतिस्पर्धाले जित वा हार होइन, जनमतको परीक्षण मात्र गर्ने हो । तर केही प्रतिस्पर्धा त्यस्ता हुन्छन्, जसको चर्चा एउटा निर्वाचन क्षेत्रमा सीमित रहँदैन । पञ्चायतकालमा नानीमैया दाहालको चुनावी जित होस् वा २०७९ को स्थानीय तह निर्वाचनमा काठमाडौं महानगरमा बालेन शाह, धरानमा हर्क साम्पाङ र धनगढीमा गोपी हमालको उदय, निकै चर्चामा रह्यो ।

त्यसो त हरेक निर्वाचनमा नयाँ पात्र र रोचक नतिजा आउने गरेकै छन् । २०४८ को आमचुनावमा बहालवाला प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईलाई पराजित गर्दै नेकपा (एमाले)का तत्कालीन महासचिव मदनकुमार भण्डारी निर्वाचित भएर राष्ट्रिय/अन्तर्राष्ट्रिय रूपमै चर्चा कमाए । उनी प्रतिस्पर्धी दलका नेता थिए । तर नेपाली राजनीतिमा 'हेभिवेट' भनिने नेताहरूले बेलाबखत सामान्य उम्मेदवारबाट अप्रत्यासित चुनावी हार बेहोरेका छन् । कांग्रेसका निवर्तमान सभापति शेरबहादुर देउवा मात्र त्यस्ता पात्र हुन्, जो २०४६ सालको परिवर्तन यताका सात निर्वाचनमा अपराजित रहे । २१ फागुनमा हुने प्रतिनिधि सभा निर्वाचनमा भने उनी उम्मेदवार छैनन् । देउवाबाहेक अरू शीर्ष नेताले भने बेलाबखत चुनावी पराजयको स्वाद पाइसकेका छन् । २०६४ को संविधान सभा निर्वाचनमा तत्कालीन नेकपा माओवादीको पक्षमा चुनावी लहर थियो । त्यतिबेला पूर्वप्रधानमन्त्री केपी शर्मा ओली झापाबाट हारे भने एमालेका तत्कालीन महासचिव माधवकुमार नेपाल रौतहट र काठमाडौं, वामदेव गौतम बर्दिया-१ बाट पराजित हुन पुगे । २०७० मा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' काठमाडौं १० बाट पराजित भए भने २०७४ मा हालका राष्ट्रपति रामचन्द्र पौडेल तनहुँ-१ बाट पराजित भए । २०६४ मा चुनाव जितेकै कारण पार्टी नेतृत्वमा फर्किने अवसर पाएका पूर्वप्रधानमन्त्री झलनाथ खनालले गत चुनावमा आफ्नै पूर्वस्वकीय सचिवबाट हार बेहोर्नुपर्‍यो । शीर्ष नेतालाई जनताको शक्ति देखाएर हारको स्वाद चखाएका ती चर्चित पात्र अहिले के गर्दै छन् ?

- **झलनाथलाई संसद्को ढोका बन्द गराएका महेश**
- **माधवलाई हराएर गुमनाम झक्कु र बवन**
- **रामचन्द्रलाई ब्रेक लगाएका किसान**
- **वामदेवलाई हराएकी सरला**
- **ओली हराएर आफैं हराएका विश्वदीप**
- **प्रचण्डलाई पराजय चखाएका राजेन्द्र**
- **सुशील कोइरालालाई तेस्रो बनाएका सर्वदेव**

विस्तृत पृष्ठ २ मा

## ६० क्षेत्रका ७२ लाख मतपत्र छापिए



"निर्वाचनको तयारी अन्तिम चरणमा पुगेको छ । मतपत्र छपाइ सकेर ढुवानीको तयारी हुँदै छ । हिमाली जिल्लामा मतपत्र ढुवानीका लागि सेनाको हेलिकोप्टर प्रयोग गरिनेछ ।"

■ **रामप्रसाद भण्डारी**
**कार्यवाहक प्रमुख आयुक्त**




**दिवाकर अधिकारी** / मध्याह्न
काठमाडौं, माघ

प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि प्रत्यक्षतर्फको मतपत्र छपाइ कार्य जारी छ । निर्वाचन आयोगका अनुसार ६० क्षेत्रका ७२ लाख मतपत्रको छपाइ सकिएको छ । त्यसमध्ये सम्बन्धित जिल्लामा पठाउन ५ हजार ८ सय २५ बाकस प्याकिङ भइसकेको आयोगले जानकारी दिएको छ । आगामी २१ फागुनमा निर्वाचन हुँदै छ । त्यसका लागि आयोगले मतपत्र छपाइ गरिरहेको हो । निर्वाचन आयोगका कार्यवहाक प्रमुख आयुक्त रामप्रसाद भण्डारीका अनुसार प्रत्यक्षतर्फका लागि २ करोड ३ लाख २३ हजार मतपत्र छापिँदै छ । समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचनका लागि आवश्यक २ करोड ८ लाख ३० हजार मतपत्र छपाइ कार्य भने सम्पन्न भइसकेको छ । छपाइ सकिएको मतपत्र ढुवानीका लागि तयारी अवस्थामा राखिएका छन् ।

कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारी बिहीबार मतपत्र छपाइस्थल जनक शिक्षा सामग्री केन्द्रको प्रेस पुगेका थिए । छपाइको अनुगमनपछि पृष्ठ ५ मा

वैदेशिक रोजगार विशेष

## म्यानमारमा १८ नेपालीलाई एक वर्ष जेल

**मध्याह्न संवाददाता**
काठमाडौं, २२ माघ

म्यानमारका अवैधानिक स्क्याम केन्द्रमा शोषणमा परेका नेपाली एक वर्ष लामो जेल सजायमा परेका छन् । भिजिट भिसामा युएई गएका युवाहरू आकर्षक 'अनलाइन जब'को प्रलोभनमा थाइल्यान्ड हुँदै म्यानमारका अवैधानिक स्क्याम केन्द्रमा पुर्‍याइएका युवाहरूमाथि अवैधानिक रूपमा बसेको अभियोगमा मुद्दा चलाएर १८ जनालाई एक वर्ष जेल सजाय सुनाइएको छ ।

यसअघि म्यानमारका अवैधानिक स्क्याम केन्द्रबाट उद्धार गरिएका नेपालीलाई थाइल्यान्ड सिमानामा ल्याई उद्धार गर्ने गरिएको थियो । पछिल्लोपटक भने म्यानमारले अध्यागमन पृष्ठ ५ मा

### बेलायत पठाउने भन्दै ठग्ने एक महिला पक्राउ

**काठमाडौं / मस-** आकर्षक तलबको प्रलोभनमा पारी वैदेशिक रोजगारीमा बेलायत पठाइदिन्छु भन्दै ठगी गरेको अभियोगमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ । काठमाडौं महानगरपालिका-१६ बस्ने नुवाकोट तार्केश्वर गाउँपालिका-१ घर भएकी ३६ वर्षीया कुमारी तामाङलाई पक्राउ गरिएको प्रहरीले बताएको छ । दुई जनालाई बेलायत पठाइदिन्छु भन्दै ७ लाख ९० हजार रुपैयाँ लिई सम्पर्कविहीन भएको उजुरीका पृष्ठ ५ मा



मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

२३ माघ २०८२ शुक्रबार
6 February 2026 Friday

कभर स्टोरी

# झलनाथलाई संसद्को ढोका बन्द गराएका महेश



तीन वर्षअघिको आमनिर्वाचन जितेका हुन्थे त पूर्वप्रधानमन्त्री झलनाथ खनालको परिचय संसदीय राजनीतिका अपराजित नेतामा दरिने थियो । २०६४ को माओवादी लहरमा समेत इलाम-१ बाट विजयी खनाल पाँच दलीय गठबन्धनका साझा उम्मेदवार हुँदा पनि २०७९ को चुनावमा पराजित हुन पुगे । त्यो पनि आफ्नै पूर्वस्वकीय सचिव महेश बस्नेतबाट ।

राष्ट्रिय राजनीतिमा नदेखिएका बस्नेतले खनाललाई २ हजारभन्दा धेरै मतान्तरले हराएका थिए । खनालको २५ वर्षे विरासत पल्टाएका बस्नेत राष्ट्रिय राजनीतिमा अहिले पनि खासै परिचित छैनन् । तर स्थानीय राजनीतिमा भने लोकप्रिय, चतुर र चुनावी रणनीतिमा माहिर मानिन्छन् । त्यही लोकप्रियताले उनी इलाम नगरपालिकाको दुईपटक मेयर निर्वाचित भएका थिए ।

बस्नेत विद्यार्थी छँदै २०३०/३१ सालदेखि कम्युनिस्ट पार्टीको सम्पर्कमा थिए । २०३६ सालमा अनेरास्ववियुबाट महेन्द्ररत्न बहुमुखी क्याम्पसको स्ववियु सदस्यमा निर्वाचित बस्नेतले २०४७ सालमा पार्टीको संगठित सदस्यता प्राप्त गरेका थिए । त्यसैबेला प्ररायुसंघको इलाम नगर सचिव हुँदै उनी पार्टीको नगर सचिव भए । उनी २०५४ को चुनावमा इलाम नगरपालिकाको मेयरमा निर्वाचित भएका हुन् । २०५९ देखि नेकपा एमालेको जिल्ला कमिटी सदस्य हुँदै २०६३ देखि जिल्ला सचिवालय सदस्यका रूपमा क्रियाशील थिए ।

२०७३ मा नेकपा एमालेको जिल्ला सचिवमा निर्वाचित भएका बस्नेत एमालेको जिल्ला कमिटी अध्यक्ष बने । इलाम नगरपालिकाको २०५४-२०५९ मा मेयर हुँदा तत्कालीन उपमेयर कृष्णप्रसाद श्रेष्ठ र वडाध्यक्ष गणेश राईसमेतको तलब भत्ताबाट तिल्केनीमा १६ रोपनी जमिन खरिद गरी ३२ परिवार सुकम्बासीलाई लालपुर्जासहित बसोबास गराएर समुदायमा सकारात्मक छाप छाडेका थिए । इलामको सबै भूगोल, बसोबास, नागरिकको सामाजिक र आर्थिक अवस्थाका बारेमा गहिरो जानकारी राख्ने बस्नेतकै प्रस्तावित खाकाका आधारमा इलामको पुनर्संरचना भएको स्थानीय बताउँछन् । त्यसैको जगमा अडिएर बस्नेतले गत निर्वाचनमा पूर्वप्रधानमन्त्री तथा पाँचवटा चुनाव निरन्तर जित्दै आएका खनाललाई पराजित गरेको स्थानीय तोयानाथ भट्टराई बताउँछन् । बस्नेतले २५ हजार ७ सय ५० र खनालले २३ हजार ८८ मत प्राप्त गरेका थिए ।

अर्थशास्त्रमा बिए र इतिहास विषयमामा स्नातकोत्तर गरेका बस्नेतले २०५१ देखि २०५४ सालमा महेन्द्ररत्न बहुमुखी क्याम्पसमा प्राध्यापन पेसामा थिए । उनी कुनैबेला कुशल फुटबलरका रूपमा समेत चिनिएका पात्र हुन् । २०३५/३६ तिर मेची अञ्चलबाट राष्ट्रिय फुटबल प्रतियोगिता खेले । त्यसबेलाको चर्चित राष्ट्रिय प्रतियोगिता अन्तरनगर फुटबल प्रतियोगिता, इन्टर युनिभर्सिटी कम्पिटिसन प्रतिस्पर्धामा सहभागी भएका उनको खेल जीवनको सुखद अनुभव छ । माईभ्याली स्पोर्टिङ क्लबका संस्थापक अध्यक्षसमेत रहेका बस्नेतको नेतृत्वमा इलाममा भूकम्पपीडित स्मृति कप फुटबल हुने गरेको थियो । सबै क्षेत्रमा सक्रिय नेता बस्नेतलाई एमालेले यसपटक टिकट नदिएपछि खासै चर्चामा छैनन् । उनी भने पार्टीका उम्मेदवार जिताउन घरदैलोमा सक्रिय छन् ।

# माधवलाई हराएर गुमनाम झक्कु र बवन सिंह



राजनीतिको इतिहास कहिलेकाहीँ अनौठो मोडमा घुम्ने गर्छ । यस्तै, एउटा दुर्लभ उदाहरण हो- एमालेका तत्कालीन महासचिव माधवकुमार नेपालको हारेर प्रधानमन्त्री बन्ने अवसर । प्रसंग २०६४ सालको संविधान सभा चुनावको हो ।

२०६२/६३ सालको संयुक्त जनआन्दोलनले मुलुकको राजनीतिक व्यवस्था बदलेको थियो । तत्कालीन नेकपा माओवादीको १० वर्षे सशस्त्र युद्ध अन्त्य भएर मुलुक नयाँ परिवेशमा अगाडि बढ्दै थियो । उक्त रापतापमा भएको २०६४ सालको संविधान सभाको चुनावमा माधव नेपाल दुई ठाउँबाट चुनाव लडे । मधेश र काठमाडौं जोड्ने भन्दै रौतहट १ र काठमाडौं २ मा उम्मेदवारी दिए तर जनताले पत्याएनन् । रौतहट १ बाट स्वतन्त्र उम्मेदवार बबन सिंह र काठमाडौं २ बाट झक्कु सुवेदीले चुनाव जिते । त्यसपछि बवन सिंह र झक्कुप्रसाद सुवेदी ७० को दशकमा चर्चित भइरहे ।

यता माधव नेपालका निम्ति २०६४ सालको हार सामान्य थिएन । किनभने उनी दुई क्षेत्रबाट चुनाव जितेर राजनीतिक प्रभाव देखाउन चाहन्थे तर जनताले पत्याएनन् ।

२०६४ सालको चुनावबाट सबैभन्दा ठुलो दलका रूपमा तत्कालीन नेकपा माओवादी उदायो । तत्कालीन माओवादीका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डसमेतको चाहनामा उनै माधव नेपाल मनोनीत हुँदै संविधान सभामा प्रवेश गरे । तत्कालीन प्रधान सेनापति रुकमाङ्गद कटुवाललाई हटाउन खोजेपछि राजनीतिक परिस्थिति बदलियो । एमालेले सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि २०६५ साउनमा प्रधानमन्त्री बनेका प्रचण्डले २०६६ वैशाखमा राजीनामा दिए । त्यसपछि उनै मनोनीत संविधान सभा सदस्य माधव नेपाल प्रधानमन्त्री बने । अर्थात् फेरि अर्को अनौठो घटना भयो- दुई/दुई ठाउँमा चुनाव हारेका व्यक्ति मनोनीत हुँदै प्रधानमन्त्री बन्न सफल भए । तर उनै नेपाललाई चुनावमा हराउने बवन सिंह र झक्कु सुवेदी केवल चर्चामा रहे ।

२०६४ सालको संविधान सभा नेपाली राजनीतिमा इतिहासको निर्णायक मोड थियो । उक्त चुनावको उद्देश्य नयाँ संविधान बनाउने थियो । पहिलो संविधान सभा संविधान बनाउन नसकेर विघटन भयो । २०७० सालमा फेरि संविधान सभाको निर्वाचन भयो । त्यसपछि माधव नेपालले हार बेहोर्नुपरेको छैन ।

२०७० को चुनाव माधव नेपालले रौतहटबाटै चुनाव जिते । २०७४ र २०७९ मा विजयी यात्रा कायम राखे । फेरि पनि नेपाल रौतहटबाट उम्मेदवार छन् । तर बवन सिंह र झक्कु सुवेदी खासै सुनिँदैनन् ।

बवन सिंह दोस्रो संविधान सभा वरिपरि मधेश केन्द्रित दलमा जोडिए, जनता समाजवादी पार्टी नेपाल हुँदै एमालेमा पुगेका थिए । पछिल्लो समयमा एमाले पनि त्यागेर उनी निष्क्रिय प्रायः छन् । झक्कु सुवेदी भने राजनीतिमा निरन्तर छन् । २०७४ सालको निर्वाचनमा काठमाडौं ६ बाट उम्मेदवार भए, चुनाव जितेनन् । हाल राष्ट्रिय सभा सदस्य छन् । तर माधव नेपाललाई हराएको बेलाझैं उनी फेरि देखिन र सुनिन सकेका छैनन् ।

राजनीतिको यो अनौठो संयोगले दुई कुरा झल्काउँछ ।

**पहिलो** : राजनीति केवल चुनावी हार र जितमा मात्रै रहँदैन ।

**दोस्रो** : एजेन्डा, पार्टीभित्रको शक्ति र अन्तरपार्टी सम्बन्धले व्यक्तिको उचाइ नाप्छ ।

माधव नेपालले एउटा चुनाव हारे । तर संगठन र गठबन्धन रणनीति, नेटवर्क र नेतृत्व क्षमताका कारण प्रधानमन्त्री बने र लामो समयसम्म पार्टी नेतृत्वमा रहन सफल भए । अहिले पनि नेतृत्व तहमै छन् ।

बवन सिंह र झक्कु सुवेदीले माधव नेपाललाई चुनावमा हराए । तर उनीहरू पार्टी र संगठनमा प्रभावी थिएनन् । बबन सिंहले स्वतन्त्र रूपमा चुनाव जिते तर संगठन र दीर्घकालीन रणनीति थिएन जसले राजनीतिमा दीर्घकालीन प्रभाव जमाउन सकेनन् । पछि अन्य पार्टीमा जोडिए तर ती संगठनमा पनि पकड जमाउन सकेनन् । झक्कु सुवेदी पार्टीमै थिए तर अर्को व्यक्तिको नेतृत्वको निरन्तरमा थिए र छन् । जसले उनलाई राजनीतिमा सक्रिय रहने वातावरण दिए तापनि राष्ट्रिय नेतृत्वको उचाइसम्म पुऱ्याउन सकेन ।

# रामचन्द्रलाई ब्रेक लगाएका किसान



राष्ट्रपति रामचन्द्र पौडेल संसदीय राजनीतिका सफल नेता मानिन्छन् । २०४६ सालको परिवर्तनपछिका ६ चुनाव जित्दा २०७४ मा भने नमिठो पराजय बेहोर्नुपऱ्यो । उनलाई हराउने अरू कुनै चर्चित नेता थिएनन्, एमाले राजनीतिमा सक्रिय व्यवसायी किसान श्रेष्ठ थिए ।

राष्ट्रिय राजनीतिमा नदेखिएका र नसुनिएका श्रेष्ठ २०७४ मा तत्कालीन कांग्रेस उम्मेदवार पौडेललाई तनहुँ १ बाट पराजित गर्दै एकाएक चर्चामा आए । उनी एमाले र माओवादी केन्द्रको गठबन्धनबाट उम्मेदवार बनेका थिए ।  पौडेलले निरन्तर जित्दै आएको सो क्षेत्र कांग्रेसको गढ मानिन्थ्यो । तर श्रेष्ठले ३४ हजार ४ सय ८९ मत ल्याएर चुनाव जित्दा पौडेलले २७ हजार ६ सय ७५ मत मात्र पाए । पौडेललाई पराजित गरेका श्रेष्ठलाई सोही कार्यकालमा कांग्रेसकै शेरबहादुर देउवा नेतृत्वको सरकारमा श्रम तथा रोजगारमन्त्री बनाइयो ।

२०२४ पुस ७ गते म्याग्दे गाउँपालिका १ को दबुङमा बुवा स्व. केवलबहादुर श्रेष्ठ र आमा लेसकुमारी श्रेष्ठको सन्तानका रूपमा जन्मिएका श्रेष्ठ पञ्चायत कालमा नै विद्यार्थी राजनीतिमा होमिएका थिए । २०३८ सालमा अनेरास्ववियुको सदस्यता लिएका उनी २०५१ सालबाट पार्टी राजनीतिमा सक्रिय रहे । श्रेष्ठ तनहुँमा समेत नाम चलेका व्यापारी हुन् । दमौलीमा उनको किसान हार्डवेयर चर्चित छ । त्योबाहेक हाउजिङ, रियलस्टेट, ग्यास उद्योग र होटल क्षेत्रमा पनि उनको लगानी छ । उनको आफ्नै लगानीमा क्लासिक म्याट्रेस उद्योगसमेत छ । पछिले समय आफू राजनीतिमा व्यस्त रहेकाले धर्मपत्नी अन्जु गोशेली श्रेष्ठले व्यापार व्यवसाय धानेको उनी बताउँछन् ।

बारा निर्वाचन क्षेत्र नम्बर-४ बाट कांग्रेस-माओवादी-नेकपा एसससमेतको गठबन्धनका तर्फबाट २०७९ प्रतिनिधि सभामा निर्वाचित भएका श्रेष्ठ फेरि एमालेमा फर्किएर तेस्रोपटक चुनाव लड्दै छन् । नेकपा एकीकृत समाजवादीका पार्टी माओवादीसँग मिलेर नेपाली कम्युनिस्ट पार्टी बनाएपछि उनी एमालेतिर लागेका हुन् ।

# प्रचण्डलाई पराजय चखाएका राजेन्द्र



दशक लामो सशस्त्र विद्रोहको शान्तिपूर्ण अवतरणपछि संसदीय राजनीतिमा फर्किएका नेकपा संयोजक पुष्पकमल दाहाल प्रचण्ड २०६४ यता निरन्तर संसद्मा छन् । तर उनी अपराजित नेता भने होइनन् । २०७० सालको संविधान सभा निर्वाचनमा उनी कांग्रेसका राजन केसीसँग चुनाव हारे । दुई तिहाइ बहुमत जित्ने महत्वाकांक्षा बोकेका प्रचण्डका लागि काठमाडौं-१० को चुनाव अप्रत्यासित मात्र थिएन, देशभर पराजयको सन्देशसमेत थियो । एकपछि अर्को हारको खबर आउन थालेपछि माओवादी केन्द्रले मतपेटिका साटिएको आरोप लगाउँदै मतगणना बहिष्कार नै गरेको थियो । हेबिवेट प्रचण्डलाई हराएर कांग्रेसका खासै नचिनिएका नेता केसी राजनीतिक चर्चाको केन्द्रमा पुगे । केसीले २० हजार मत ल्याउँदा प्रचण्डले १३ हजार हाराहारीमा मत पाएका थिए ।

'म्यान अफ दि इलेक्सन'को चर्चा कमाएका उनी त्यसयताका हरेक निर्वाचन जित्दै आएका छन् । कांग्रेसले कीर्तिपुर क्षेत्रलाई वामपन्थीको 'लालकिल्ला'का रूपमा लिने गरेको थियो । २०१५ सालदेखिका कांग्रेसले चुनाव नजितेको यो क्षेत्रमा केसीले 'लालकिल्ला' भत्काइदिए ।

२०७४ सालको निर्वाचनमा उनले २४ हजार १ सय ९० भोट पाउँदा निकटतम प्रतिस्पर्धी नेकपा गठबन्धनका उम्मेदवार माओवादीका नेता हितमान शाक्यले २१ हजार ९ सय ७ मत लिए । पछिल्लो २०७९ को प्रतिनिधि सभा निर्वाचनमा उनी एमालेका हिमेश केसीलाई हराउँदै तेस्रोपटक विजयी भएका थिए । केसीले हिमेशलाई २ हजार ६ सय ६२ मतको अन्तरले हराएका हुन् ।  केसीले १४ हजार ४ सय ४८ मत प्राप्त गर्दा हिमेश केसीले ११ हजार ७ सय ८६ मत प्राप्त गरेका थिए ।

काठमाडौं-१० मा लगातार तीनवटा चुनाव जितेका केसी यसपटक चुनावी मैदानमा छैनन् । प्रतिनिधि सभामा निरन्तर तीन कार्यकाल जितेको भन्दै आफैं चुनाव नलड्ने घोषणा गरेका हुन् । 'प्रत्यक्ष, समानुपातिक वा राष्ट्रिय सभामा अब चुनाव नलड्ने भनेर मैले कही सिफारिस नै नगर्नु भनेको थिएँ,' उनले मध्यान्हसँग भने, 'पार्टीलाई रूपान्तरण र पुस्तान्तरण गर्नुपर्ने भएकाले आफूबाटै यो कामको अगुवाइ गरेको हुँ ।'

कीर्तिपुर ६, चोभारका स्थायी बासिन्दा केसीले स्नातकोत्तरसम्म अध्ययन गरेका छन् । चारपटकसम्म कांग्रेस महासमिति सदस्य भएका केसी कृषि चुन उद्योगको बोर्ड अफ डाइरेक्टर, हिमाल सिमेन्टको बोर्ड सदस्य र ल्याबोरेटरी विद्यालयको सञ्चालक समितिमा आबद्ध भएर काम गरेका गरे । तीनपटक सांसद भए पनि मन्त्री बन्न नपाएका उनी पछिल्लो राजनीतिक घटनाक्रमलाई हेरेर परिवर्तनको पक्षमा उभिएका छन् ।

# सुशीललाई तेस्रो बनाएका सर्वदेव



पूर्वप्रधानमन्त्री एवं नेपाली कांग्रेसका पूर्वसभापति स्वर्गीय सुशील कोइरालाले चुनाव लड्दै आएको क्षेत्र हो, बाँके-२ । २०४८ देखि २०७० सम्मका सबै निर्वाचन उनले यही क्षेत्रबाट उठे । कोइरालाले लडेका पाँच चुनावमध्ये तीनपटक जिते भने दुईपटक हार बेहोरे । २०६४ को चुनावी नतिजाको चर्चा भने नेपालगन्जमा अहिले पनि हुने गर्छ । जुन चुनावमा उनी कांग्रेसकै शुभेच्छुक पूर्वकर्मचारीबाट नमिठो हार बेहोरेका थिए ।

नेपालगन्जलाई मधेस आन्दोलनको उद्गम थलो मानिन्छ । सोही आन्दोलनबाट राजनीतिमा उदाएका पूर्वकर्मचारी हुन्, सर्वदेव ओझा । मधेसी जनअधिकार फोरमबाट उम्मेदवार बनेका उनले झन्डै ४२ प्रतिशत मत ल्याएर पहिलो संविधान सभा सदस्य निर्वाचित हुँदा कांग्रेस नेता कोइराला तेस्रो बन्न पुगे । मतान्तर झन्डै ९ हजार थियो । ओझा १४ हजार ९ सय मतसहित निर्वाचित हुँदा कोइरालाले ५ हजार ९ सय ६९ मत मात्र प्राप्त गरेका थिए ।

चुनाव जितेर ओझा महिला, बालबालिका तथा समाज कल्याणमन्त्रीसमेत बने । तर उनको राजनीति लामो समय टिकेन । पहिलो संविधान सभाकै बीच फोरम विभाजन भयो । उनी विजय गच्छेदारको फोरम (लोकतान्त्रिक)तर्फ लागे । त्यहाँ पनि धेरै दिन टिकेनन् । जयप्रकाश गुप्ताको तराई-मधेस राष्ट्रिय अभियानमा पुगे । २०७० को दोस्रो संविधान सभा निर्वाचनमा पनि उनी उम्मेदवार बने । कांग्रेसले तत्कालीन सभापति कोइरालालाई भावी प्रधानमन्त्रीका रूपमा अघि सारिसकेको थियो । तर बाँकेबाट चुनाव जित्नेमा उनी आफैं ढुक्क थिएनन् । त्यसैले चितवनबाट पनि चुनाव लडे । त्यो चुनाव कोइरालाले दुवै ठाउँबाट सजिलै जिते । बरु पूर्वमन्त्री ओझाको जनमत भने नराम्ररी खस्किएको थियो । कोइरालालाई ९ हजारको मतान्तरले जितेका ओझा ६ वर्षपछिको चुनावमा भने मात्र ७७ भोटमा खुम्चिए । त्यसपछि राजनीतिबाट रिङ आउट हुन पुगे ।

राजनीतिले आफ्नो व्यवसाय भताभुंग भएको ओझा बताउँछन् । त्यसैले चुनावपछि बिग्रिएको आर्थिक कारोबार सुधार्न लागे । भारतीय बिउविक्रेता कम्पनीको नेपाली एजेन्सी 'मनीषा एग्री कन्सर्न' ऋणले डुबेको र त्यसको विवाद निरुपणका लागि सर्वोच्च अदालत धाइरहेको उनी बताउँछन् । 'नेपाली राजनीतिलाई मैले नजिकबाट देखें,' उनी भन्छन्, 'देशलाई माया गर्नेभन्दा लेन्डुप दोर्जेहरू धेरै छन् । अहिलेको चुनावमा पनि त्यस्ता पात्र आइरहेको मैले देखेको छु ।'

दुई दशक लामो सरकारी सेवापछि मधेस आन्दोलनसँगै नेता बनेका ओझाको राजनीतिक यात्रा रोचक छ । शाही शासनकालमा कांग्रेस समर्थक कर्मचारी भएकै कारण अनेक दबाब र मुद्दा मामिला सामना गर्नुपरेको उनी बताउँछन् । लोकतन्त्रपछि मधेस आन्दोलनमा सक्रिय भए र फोरमबाट चुनाव जितेर मन्त्री भए । फोरम विभाजनमा पनि उनको हात रहेको बताइन्छ । उनी आफैं पनि स्वीकार्छन्, 'उपेन्द्र यादवले पार्टीलाई माओवादीको पछि लगाउन खोजे । त्यसको विरोध गरेर लोकतान्त्रिक बनाउन मेरो भूमिका छ ।'

कपिलवस्तुको परसोइया गाविसस्थित हथिहवाका ओझा २०३६ सालमा बर्दियामा शिक्षक थिए । भारतको कानपुरबाट २०३८ सालमा स्नातकोत्तर गरेपछि कृषि मन्त्रालयमा नायब सुब्बाबाट सरकारी सेवा सुरु गरेका उनी योजना आयोग, गृह मन्त्रालय हुँदै स्थानीय विकास अधिकारीसम्म भए ।

ओझा फुर्सदको समय कसरी बिताउँदै छन् त ? 'मलाई फुर्सद छैन । पढाइ पूरा गरेको ४५ वर्षपछि भर्खरै एलएलबी सकें । अधिवक्ताको परीक्षा दिएर आएको छु,' मध्यान्हसँग उनले भने, 'अब वकालत गर्ने हो ।'

# वामदेवलाई हराएकी सरला



पहिलो संविधान सभा निर्वाचनमा नेकपा (एमाले)को गढ मानिएको बर्दिया-१ बाट चुनाव हारेपछि वामदेव गौतम काठमाडौं उडे । विमानस्थलबाट घरसमेत नपसी उनी सिधै माओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' निवास नयाँबजार पुगेर सोधे, 'मलाई किन हराउनुभयो ?' तर चुनाव प्रचण्डले होइन, माओवादी 'जनयुद्ध'बाट आएकी जिल्ला तहकी नेता सरला रेग्मीले जितेकी थिइन्, त्यो पनि झन्डै ४४ प्रतिशत मत ल्याएर । ४ हजार १ सय ८२ को फराकिलो मतान्तरसहित रेग्मीले १७ हजार ९ सय ५५ मत ल्याएर चुनाव जितेकी थिइन् । एमाले नेता गौतमले १३ हजार ७ सय ७३ मत मात्र प्राप्त गरेका थिए । रोचक त के छ भने चुनावमा पराजित उनै गौतम चार महिनापछि प्रचण्ड नेतृत्वको सरकारका उपप्रधान तथा गृहमन्त्री बने । २०७० को दोस्रो संविधान सभा चुनावमा बर्दिया १ र प्युठान दुई क्षेत्रबाट जितेर सुशील कोइराला नेतृत्वको सरकारमा पनि उनै उपप्रधान तथा गृहमन्त्री भए ।

माओवादी सशस्त्र द्वन्द्वमा रेग्मीले श्रीमान गुमाइन् । तत्कालीन बाँके-बर्दिया इन्चार्ज यामप्रसाद चालिसे आयाम सुरक्षाकर्मीबाट मारिएका थिए । तर उनले हरेस खाइनन् । युद्धमा होमिएरै उनले धेरै कमान्ड हाँकिन् । २०६३ मा अन्तरिम व्यवस्थापिका संसद्मा मनोनीत माओवादीका ८३ सांसद्मध्ये रेग्मी पनि एक थिइन् । लगत्तैको संविधान सभा निर्वाचनमा एमालेका तत्कालीन चर्चित नेता गौतमलाई पराजित गरेपछि उनी एकाएक चर्चित बनेकी थिइन् ।

संसदीय राजनीतिमा भने रेग्मी कम ब्याक हुन सकिनन् । युद्ध लडेकी रेग्मी नेकपा माओवादीको विभाजनमा 'हार्डलाइन' धारतर्फ लागिन् । जसका कारण पनि संसदीय राजनीतिबाट टाढा पुगेकी हुन् । अहिले उनी सक्रिय राजनीतिमा देखिँदैनिन् ।

# ओली हराएर आफैं हराएका विश्वदीप



जब चुनाव आउँछ तब कुनै न कुनै रूपमा देशभर चर्चामा पुग्ने एक जिल्ला हो-झापा । जहाँबाट ओली बहुदलयता निरन्तर उम्मेदवार छन् । पछिल्ला चुनावमा ओलीसँगै सम्झिने नाम हो- विश्वदीप लिङ्देन । जसले २०६४ सालमा एकपटक मात्रै चुनाव जित । त्यसपछि फेरि कहिल्यै उम्मेदवार भएनन् । गुमनाम भएर पनि सम्झिरहनुको कारण हो- लिङ्देनले ओलीलाई दुर्लभ हार चखाइदिए ।

२०४६ सालमा बहुदल आएपछि २०४८ मा आमचुनाव भयो । जहाँबाट केपी शर्मा ओली विजयी भए । २०५१ मा ओली गृहमन्त्री भएसँगै झापाको चर्चा देशभर हुन थाल्यो । २०५१ र २०५६ को पनि चुनाव ओलीले नै जिते । संसद् पुनर्स्थापना भएपछि २०६३ मा ओली उपप्रधान तथा परराष्ट्रमन्त्री भए । जसले झापालाई अझ उचाइका साथ चर्चामा पुऱ्यायो । त्यही उचाइका बेला लिङ्देनले ओलीलाई चुनावमा हराइदिएका हुन् ।

१० वर्षे सशस्त्र युद्धबाट आएको माओवादीप्रतिको आश र त्रासको माहोलमा लिङ्देनले चुनाव जिते । जनमत परिवर्तन र परिवर्तनको लहरले विश्वदीपलाई चुनाव जित्न सहयोग गऱ्यो । त्यसपछि विश्वदीपको चर्चा चुलियो । धेरैले सोचे कि अब विश्वदीपले राजनीतिक क्षेत्रमा लामो समयसम्म छाप राख्नेछन् । संविधान सभामा पनि प्रभावशाली भूमिका निभाउनेछन् । तर विश्वदीपको राजनीतिक यात्रा केवल एउटा जितमा सीमित भयो ।

संसदमा उनले न निर्णायक भूमिका निभाउन सके न मन्त्री बने, न पार्टीमा महत्वपूर्ण जिम्मेवारी पाए । विश्वदीप पार्टीको केन्द्रीय शक्ति संरचनामा समेत उक्लन सकेनन् । परिणाममा विश्वदीपको चुनावी जितको क्षण चर्चाको विषय भयो । तर उनी दीर्घकालीन राजनीतिक उचाइमा पुग्न असफल भए । अर्थात् विश्वदीपले चुनावी जितलाई दीर्घकालीन प्रभावमा रूपान्तरण गर्न सकेनन् ।

ओली हराउने विश्वदीप आफैं राजनीतिबाट हराउन पुगेको उदाहरणले धेरैलाई महत्वपूर्ण पाठ सिकाएको छ- कि निर्वाचन जितेर मात्रै हुँदैन, राजनीतिमा स्थायी शक्ति प्राप्त गर्ने आधार निर्माण गर्नुपर्छ । अन्यथा शीर्ष नेतालाई हराउन सके पनि विश्वदीपझैं इतिहासमा हराइन्छ । ओलीले हारका विरुद्ध दीर्घकालीन रणनीति बनाए । दीर्घकालीन योजना बनाए, संगठनमा पकड बढाए र जनसम्पर्क बढाए जसले उनलाई सत्ताको शिखरमा पुऱ्यायो । ओलीले २०६४ को हारलाई दुर्लभ घटनामा पुऱ्याए । त्यसयताका तीनवटै संसदीय चुनाव २०७० साल, २०७४ र २०७९ मा जिते । चुनाव जितेका मात्र होइनन्, उनी राजनीतिको शीर्ष स्थानमा छन् । २०७२, २०७४  र २०८१ मा गरी चारपटक प्रधानमन्त्री भएर मुलुकको नेतृत्व सम्हाले । आगामी २१ फागुनको चुनावमा फेरि झापा ५ बाटै उम्मेदवार छन् ।

यता ओझेलमा परेका भए पनि प्रत्येक चुनावमा धेरैले विश्वदीप सम्झन्छन् । यसपटक पनि सम्झिरहेका छन् । भेट्नेहरूलाई उनी भन्छन्- राजनीतिमा असम्भव शब्दको अस्तित्व हुँदैन । उनका नजरमा झापा ५ बाट ओलीलाई हराउन स्थानीयको मनोविज्ञान बुझ्ने पुग्छ ।

# गगन-अमरेशको रापतापमा अमनिश र रजनीश

चुनावी विश्लेषण
सर्लाही-४

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २२ माघ

प्रतिनिधि सभाको निर्वाचन नजिकिँदै जाँदा आममानिसको ध्यान हेभिवेट प्रतिस्पर्धा हुने क्षेत्रमा केन्द्रित छ। फागुन २१ मा हुने निर्वाचनमा सबैभन्दा बढी झापा-५ र सर्लाही-४ ले सबैको ध्यान तानेको छ किनकि यी दुवै निर्वाचन क्षेत्रले भावी प्रधानमन्त्री तय गर्नेछ।

झापा-५ बाट पूर्वप्रधानमन्त्री तथा एमालेका अध्यक्ष केपी शर्मा ओली मैदानमा छन् । उनलाई टक्कर दिन भावी प्रधानमन्त्रीको घोषणा गरेर काठमाडौं महानगरपालिकाका पूर्वमेयर बालेन्द्र शाह 'बालेन' गएका छन्। त्यस्तै, नेपाली कांग्रेसका सभापति गगन थापा निर्वाचनपछिको प्रधानमन्त्रीको उम्मेदवार बनेर सर्लाही-४ मा झरेका छन्। आज हामी झापा-५ लाई छाडेर सर्लाही ४ को चर्चा गर्दै छौं।

नेपाली कांग्रेसका सभापति थापाको प्रवेशले सर्लाही ४ को चुनावी माहोल गर्मागर्मी छ। विगतबाटै संसदीय राजनीतिमा कांग्रेसको दबदबा रहेको यो क्षेत्रमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)बाट निर्वतमान सांसद अमरेशकुमार सिंह प्रतिस्पर्धामा छन् । त्यस्तै, पूर्वसांसद शिवपुजन रायको पारिवारिक प्रभाव पनि यस क्षेत्रमा देखिन्छ एमालेबाट शिवपुजनका छोरा अमनिशकुमार यादव उम्मेदवार छन्। त्यस्तै, नेपाली कम्युनिस्ट पार्टी नेकपाबाट रजनीश राय र जनता समाजवादी पार्टी (जसपा)बाट रामेश्वर राय यादव चुनावी मैदानमा छन् । जनमत पार्टीबाट राकेश मिश्र उम्मेदवार बनेसँगै गत निर्वाचनकी स्वतन्त्र उम्मेदवार शिवपुजनकी छोरी मधुमाला पनि उम्मेदवार छन्। प्रलोपाले रामचरित्र सहनी, उज्यालो नेपाल पार्टीले पीताम्बर सिंह कुसहवालाई उम्मेदवार बनाउँदा अन्य साना पार्टी र स्वतन्त्र उम्मेदवारसमेत आआफ्नो रणनीतिक तयारीमा जुटेका छन्।






३८ जना उम्मेदवार रहेको यो क्षेत्रमा सबैभन्दा बढी चर्चा थापा र सिंहकै छ । यद्यपि कांग्रेस उम्मेदवार थापा, रास्वपा उम्मेदवार सिंह, एमाले उम्मेदवार यादवबीचको प्रतिस्पर्धा कडा देखिन्छ। यी उम्मेदवार जोडतोडले मतदातामाझ पुग्दै छन्। अन्य उम्मेदवारको चर्चा कमै छ। २०७९ को निर्वाचनमा कांग्रेसबाट टिकट नपाएपछि स्वतन्त्र उम्मेदवारी दिएका अमरेश निर्वाचित भएका थिए । अहिले उनी रास्वपामा प्रवेश गरेर टिकट लिएका हुन्। सो निर्वाचनमा ७२ हजार ८ सय ५५ मत खसेकोमा ६९ हजार २ सय ८३ मत सदर हुँदा ३ हजार ५ सय ७२ मत बदर थिए। जसमध्ये कांग्रेसका उम्मेदवार नागेन्द्रकुमारले १८ हजार २ सय ५३ मत पाउँदा अमरेश २० हजार १७ मतसहित निर्वाचित भएका थिए।

तेस्रो स्थानमा स्वतन्त्र उम्मेदवार मधुमाला कुमारी यादवले १४ हजार ६ सय २२ मत प्राप्त गरेकी थिइन् । समानुपातिकमा कांग्रेसले १६ हजार २९ मत पाएको थियो। त्यस्तै, जनमतले १२ हजार ५ सय ९५, माओवादी र नेपाल समाजवादीले एकल चिह्न लिएर ९ हजार ७ सय ९० मत पाएका थिए भने एमाले ९ हजार ४ सय ७१ मतसहित चौथो स्थानमा थियो।

यसपटक नेकपाका नेता शिवपुजनसहित एमालेमा प्रवेशले केही राहत मिलेको नेताहरूले बताएका छन्। अमरेश २०७९ अघि कांग्रेसकै उम्मेदवार भएर जित्दै आएका र गत निर्वाचनमा केही प्राविधिक समस्याले कांग्रेसले हारे पनि यसपटक जित निश्चित भएको नेपाली कांग्रेस मधेश प्रदेशका उपसभापति विरेन्द्रप्रसाद सिंहले बताए । 'अहिले कांग्रेस एकढिक्का भएर स्वयं सभापति नै उम्मेदवार बनेपछि निर्वाचनको माहोल परिवर्तन भएको छ,' उनले भने, 'हाम्रो जितलाई कसैले रोक्नै सक्दैन । परम्परागत हिसाबले पनि यो क्षेत्रमा कांग्रेसकै मतदाता छन्।' उसो त सो क्षेत्रका मतदाता कुनै एक दलप्रति स्थायी नभएको पनि विगतका चुनावी नतिजाले देखाइसकेको छ। चुनावमा हुने अन्तर्घात राजनीतिक दलभित्र पटकपटक दोहोरिने समस्या हो । अझ नेपाली कांग्रेसभित्र यो समस्या तुलनात्मक रूपमा बढी हुने गरेको छ । २०७९ को निर्वाचनमै आधिकारिक उम्मेदवारलाई सहयोग नगरेको भनेर पार्टीले दर्जनौं नेताकार्यकर्तालाई कारबाहीको गरेको थियो।

सभापति गगन थापालाई प्रधानमन्त्रीको उम्मेदवारका रूपमा अघि सारेर चुनावमा होमिँदै गर्दा चुनाव जित्नेमा ढुक्क छन् । थापा एकपटक सर्लाही ४ मा पार्टी कार्यकर्ता र मतदातासँग भेटघाट सकेर काठमाडौं आएपछि काठमाडौं बस्ने सर्लाहीका मतदातालाई समेत भेटिसकेका छन् । अमरेश कुमार पनि अहिले काठमाडौंमै केन्द्रित छन् । उनी कांग्रेसका केही असन्तुष्ट नेतादेखि नेकपाका नेताहरूलाई समेत भेट्ने प्रयासमा छन्। विशेष स्रोतका अनुसार अमरेशले नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का संयोजक प्रचण्डसँग निवासमै पुगेर भेट गरेका थिए । भेटका क्रममा आफूले जसरी पनि निर्वाचन जित्नुपर्ने भन्दै सघाउन प्रचण्डसँग सहयोग मागेका छन्। त्यसलगत्तै उनले कांग्रेसका पूर्वसभापति शेरबहादुर देउवासँग समेत भेट मागेका थिए । तर देउवाले उनलाई भेट नदिएपछि कांग्रेस नेता मोहनबहादुर बस्नेतमार्फत आफ्नो कुरा देउवासमक्ष पुऱ्याउने प्रयासमा छन्।

७ पालिकाका ५१ वटा वडा समेटिएर बनेको सर्लाही-४ मा बरहथवा नगरपालिकाका १, २, ३, ४, १३, १४, र १५ वडा समेटिएका छन् । त्यस्तै, बसबरिया गाउँपालिकाका १, २ र ३ नम्बर वडा यस क्षेत्रमा पर्छन् । विष्णु गाउँपालिकाका १, २, ३ र ४ नम्बर वडाहरू यस निर्वाचन क्षेत्रभित्र पर्छन् । धनकौल र रामनगर गाउँपालिकाका सबै सात/सात वडाहरूसँगै बलारा र गोडैटा नगरपालिकाका क्रमशः ११ र १२ वटै वडा यस निर्वाचन क्षेत्रमा समेटिएका छन् । सर्लाही-४ मा गत प्रदेश सभा निर्वाचनमा भने सर्लाही-४ (क) बाट कांग्रेस उम्मेदवार वीरेन्द्रप्रसाद सिंह १५ हजार ६ सय ९३ मत पाएर विजयी भएका थिए। उनका निकटतम प्रतिद्वन्द्वी एमाले उम्मेदवार रामबाबु रायले १४ हजार ६ सय १६ मत ल्याउँदा जनमत पार्टीका उम्मेदवार प्रमोदकुमार रायको पक्षमा २ हजार ३ सय ८८ मत खसेको थियो । यस्तै, सर्लाही-४ (ख) मा कांग्रेससँगको सहकार्यमा तत्कालीन माओवादी केन्द्रका फकिरा महतो ८ हजार ३३ मतका साथ प्रदेश सभा सदस्यमा विजयी भएका थिए। उनका निकटतम प्रतिद्वन्द्वी स्वतन्त्र उम्मेदवार अनिता देवीले ७ हजार ६ सय ७६ मत र तेस्रो भएका जनमतका सञ्जयकुमार सिंह ५ हजार १ सय ४७ मत पाएका थिए। यो निर्वाचनमा कांग्रेस र रास्वपासँगै एमाले, नेकपा र स्वतन्त्र उम्मेदवारसमेत आफ्नो पक्षमा परिणाम निकाल्न तीव्रताका साथ लागेका छन्।

बैतडी बस दुर्घटना

# कम्तीमा आठ जनाको मृत्यु, ४५ जना घाइते

**ललित बोहरा/मध्यान्ह**
बैतडी, २२ माघ



बैतडीमा जन्ती बोकेको बस दुर्घटना हुँदा आठ जनाको मृत्यु भएको छ।

बैतडीको पुचौँडी नगरपालिका-७ भवनेबाट बेहुली लिएर बझाङको सुनकुडातर्फ जाँदै गरेको पवनदूत यातायातको सुप प्र ०२ ००१ ख ११११९ नम्बरको बस पुर्चौंडी-७ बडगाउँ मोडमा बिहीबर बेलुकी ८ बजेतिर दुर्घटनामा परेको हो । मृत्यु हुनेमा एक महिला र सात पुरूष रहेको जिल्ला प्रहरी कार्यालयका डीएसपी दिपक कुमार रायले जानकारी दिए।

उनका अनुसार आठ जनाको घटनास्थलमै मृत्यु भएको छ । मृत्यु हुनेमा बझाङको बित्थडचिर गाउँपालिका-७ का ४० वर्षीय केशवराज जोशी, सोही ठाउँका १३ वर्षीय अशोकराज जोशी, ३५ वर्षीय वसन्त जोशी, ४१ वर्षीय विसनदत्त जोशी, केदारस्यू गाउँपालिकाका ६० वर्षीय मोहनदेव भट्ट, जयपृथ्वी नगरपालिकाका ४० वर्षीय वसन्तराज रतला तथा बैतडीको पुर्चौंडी-७ कि ४० वर्षीया पुष्पा अवस्थी रहेका छन्।

दुर्घटनामा परेर घाइते भएका ४५ जनाको उद्धार गरेर स्थानीय स्वास्थ्य चौकी पठाइएको उनले बताए। घाइते हुनेमा २७ पुरूष र १८ महिला रहेका छन् । उकालो सडकमा अत्यधिक भारका कारण बस दुर्घटनामा परेको हुनसक्ने बताइएको छ।

# निष्पक्ष र निर्भिक भएर आचारसंहिता अनुगमन गर्न निर्देशन




**काठमाडौं/मस-** गृह मन्त्रालयले निर्वाचन आचारसंहिता अनुगमन अधिकृतका रुपमा तोकिएका ७७ वटै जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारीलाई आफ्नो जिम्मेवारी प्रभावकारी रुपमा निर्वाह गर्न परिपत्र जारी गरेको छ। निर्वाचनको अवधिमा हुनसक्ने आचारसंहिताका उल्लङ्घनका घटना हुन नदिन आवश्यक कार्य गर्न र सो सम्बन्धमा गरिएका कार्यहरुको प्रतिवेदन नियमित रुपमा मन्त्रालयमा उपलब्ध गराउन निर्देशन जारी गरिएको मन्त्रालयका प्रवक्ता आनन्द काफ्लेले जानकारी दिए।

निर्वाचन आयोगले निर्वाचन आचारसंहिता, २०८२ को जिल्लास्तरमा अनुगमनलाई प्रभावकारी बनाई कार्यान्वयनको सुनिश्चितता गर्न ७७ वटै जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारीलाई आचारसंहिता अनुगमन अधिकृत तोकेको थियो।

मन्त्रालयले सचिवको संयोजकत्वमा आसन्न प्रतिनिधिसभा निर्वाचनलाई स्वच्छ, निष्पक्ष, पारदर्शी एवम् विश्वसनीयरुपमा सम्पन्न गर्न केन्द्रीय कमाण्ड पोस्ट समेत गठन गरेको छ।

# विधेयकको नाम परिवर्तन गर्न मन्त्रालयले माग्यो समय

**काठमाडौं/मस-** अभौतिक सांस्कृतिक सम्पदा (संरक्षण) विधेयक, २०८१ को नाम परिवर्तन गर्न संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले विधायन व्यवस्थापनसँग समय माग गरेको छ।

बिहीबार सिंहदरबारमा बसेको समितिको बैठकमा विधेयकको नाममा सहमति जुट्न नसक्दा मन्त्रालयले समय मागेको हो । सांसदहरूले विधेयकको शिर्षकमा 'अभौतिक' को ठाउँमा अमूर्त लेख्नुपर्ने माग राखेका छन्।

नेपाली भाषा, संस्कृतिको महत्व अतुलनीय रहेकाले कानूनमा स्थापित गरिने शब्दमा समेत कला र संस्कृतिको मर्म झल्किने गरी नाम राख्नुपर्ने सांसदहरूको धारणा छ । बैठकमा बोल्दै नेपाली कम्युनिष्ट पार्टीकी सांसद मदनकुमारी साहले अभौतिकको ठाउँमा अमूर्त सांस्कृतिक सम्पदा संरक्षणम्बन्धी विधेयक राख्दा उपयुक्त हुने धारणा राखिन्। उनले भनिन्, 'अभौतिकको ठाउँमा अमूर्त सांस्कृतिक सम्पदा संरक्षणम्बन्धी विधेयक राख्दा उपयुक्त होला । बनेको विधेयक अलि लामो र परम्परागत भयो। यसलाई छोट्याउनुपर्छ जस्तो लाग्छ।'

बैठकमा समिति सभापति तुलसाकुमारी दाहालले नामको बारेमा निर्णय गर्न सरकारले समय माग गरेको भन्दै दफावार छलफल अगाडि बढाइन्।

# पोखरियामा करिब ७ सय ४० लाई एचपिभी खोप दिने लक्ष्य

**लालबाबु बानिया/मध्यान्ह**
पर्सा, २२ माघ



पर्साको पोखरिया नगरपालिकामा माघ २६ गते महिलामा पाठेघरको मुखमा हुने क्यान्सरविरुद्धको एचपीभी खोप अभियान सञ्चालन हुने भएको छ।

सो अभियानका बारेमा जानकारी दिन स्वास्थ्य कार्यालय पोखरियाको आयोजनामा पालिका स्तरीय खोप समन्वय समिति, सञ्चारकर्मी तथा सरोकारवालासँग अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ।

पोखरिया नगरपालिकाको सभाहलमा सम्पन्न कार्यक्रममा पोखरिया स्वास्थ्य शाखा सहसंयोजक शिवकुमार पटेलले खोप अभियानसम्बन्धी विस्तृत जानकारी गराएका थिए । उनका अनुसार नगरपालिकाका १० वटै वडामा सञ्चालन हुने अभियानमा करिब ७ सय ४० जना लक्षित छन् । जसअन्तर्गत कक्षा ६ मा अध्ययनरत बालिका तथा विद्यालय बाहिर रहेका १० वर्ष उमेरका किशोरीहरूलाई एचपीभी खोप लगाइनेछ।

यसैगरी, गत वर्ष छुटेका कक्षा ७ देखि १० सम्म अध्ययनरत बालिका तथा विद्यालय नजाने ११ देखि १४ वर्ष उमेर समूहका किशोरीहरूलाई पनि एचपीभी खोप लगाइने सहसंयोजक पटेलले जानकारी दिए। उनले अभियानका क्रममा कुनै आग्रह-पूर्वाग्रह नराखी लक्षित उमेर समूहका सबै बालिका तथा किशोरीलाई खोप लगाउन स्वास्थ्यकर्मीलाई आग्रह गरे।

अभियानलाई सफल बनाउन पालिका जनप्रतिनिधि, शिक्षक, राजनीतिक दल, सञ्चारकर्मी, संघ-संस्था लगायत सबै सरोकारवालाले सहयोग गर्नुपर्नेमा पटेलले जोड दिए । साथै, खोप अभियानमा खटिने स्वास्थ्यकर्मीहरूलाई काम गर्ने सहज वातावरण बनाइदिन अनुरोधसमेत गरे।

कार्यक्रममा प्रस्तुत तथ्यांक अनुसार विश्वभर महिलामा पाठेघरको मुखको क्यान्सरका करिब ६ लाख ७० हजार बिरामी रहेका छन् भने वार्षिक करिब २ लाख ११ हजारको मृत्यु हुने गरेको देखिन्छ। नेपालमा मात्रै दैनिक चार जना महिलाको पाठेघरको मुखको क्यान्सरका कारण मृत्यु हुने गरेको तथ्य सार्वजनिक गरिएको थियो।

पोखरिया नगरपालिकाभित्र हरेक वर्ष करिब ४ सय महिलाको निःशुल्क पाठेघरको मुखको क्यान्सर परीक्षण हुने गरेको र तीमध्ये हालसम्म ३ जनामा पोजेटिभ देखिएको सहसंयोजक पटेलले जानकारी दिए। नगरपालिकामा हाल ३४ जना बिरामीले उपचार सहयोग पाइरहेका छन्, जसमध्ये १५ जना क्यान्सर रोगी रहेको उनले बताए। एचपिभी खोप लगाएपछि पाठेघरको मुखको क्यान्सर हुने जोखिम अत्यन्त न्यून हुने विश्वास रहेको भन्दै सहसंयोजक पटेलले खोप अभियानलाई पूर्ण सफल बनाउन सबै अभिभावक, शिक्षक र समुदायको सक्रिय भूमिका आवश्यक रहेको बताए।

अभिमुखीकरण कार्यक्रम पोखरिया नगरप्रमुख प्रद्युमन प्रसाद चौहानको अध्यक्षतामा सम्पन्न भएको थियो । नगरप्रमुख चौहानले चारैतर्फबाट सहकार्य गरी एचपीभी खोप अभियान सफल बनाउन आग्रह गर्दै नगरभित्रका सबै बालिका तथा किशोरीहरूलाई निगरानी गरी खोप दिलाउन सहयोग गर्नुपर्ने बताए।

कार्यक्रममा नगर उपप्रमुख रुबी ठाकुर, प्रमुख प्रशासकीय अधिकृत कौशलकिशोर झा, वडा अध्यक्षहरू लक्ष्मण साह, नौसाद आलम, प्रमोद गिरी, केदार महतो, महेन्द्र महतो, रामप्रवेश चौहान, किशोरी साह, कार्यपालिका सदस्यहरू रामबचन महतो, राधा साह, अजय गुप्ता, नेपाल रेडक्रस सोसाइटी उपशाखा पोखरियाका सभापति भगवान कुर्मी, विद्यालयका प्रधानाध्यापक, शिक्षक, सञ्चारकर्मी, स्वास्थ्यकर्मी तथा कर्मचारीहरूको सहभागिता रहेको थियो।

# कानुनविपरीत भइरहेका विदेशी सवारीको प्रयोग सम्बन्धमा ध्यानाकर्षण

**कास्की/मस-** नेपाल पर्यटक यातायात व्यवसायी संघ (एनटिभिए) गण्डकी प्रदेशले कानुनविपरीत भइरहेका विदेशी सवारीसाधनको प्रयोगका सम्बन्धमा ध्याकर्षण गराएको छ। संघका अध्यक्ष दुर्गादत्त दाहालले विज्ञप्ति जारी गर्दै कानुनविपरीत भइरहेका विदेशी सवारीसाधनको प्रयोगका सम्बन्धमा आवश्यक निगरानी गर्दै सोको राज्यबाट उचित व्यवस्थापन हुनुपर्ने माग गरे।

कानुसम्मत विदेशी सवारीसाधनलाई व्यवस्थित गर्दै जथाभावी रूपमा भइरहेको प्रयोगका कारण दुर्घटनाको जोखिम बढिरहेका घटनाको न्यूनीकरणका सम्बन्धमा संस्थाले दिँदै आएको चासोलाई गलत ढङ्गबाट व्याख्या गर्दै कतिपय सञ्चारमाध्यममा आएका नकारात्मक समाचार आएकामा पनि सङ्घको ध्यानाकर्षण भएको विज्ञप्तिमा उल्लेख छ।

विद्यमान कानुनी व्यवस्थाअनुसार विदेशी सवारीसाधनले अध्यगमन कार्यालयबाट एकपटकमा बढीमा एक साताका लागि मात्र अनुमति पाउने व्यवस्था रहेको अध्यक्ष दाहालले बताए । उनले एक वर्षमा एउटा सवारीसाधनले पटकपटक गरी बढीमा २९ दिन मात्रै नेपाल आउने/जाने अनुमति पाउने व्यवस्था रहेकामा सो हुन नसकेको भन्दै सरोकार भएका निकायको ध्यानाकर्षण गराइएको उल्लेख गरे।

सीमानाकाका नेपाली र भारतीय यातायात व्यवसायीले सस्तो मूल्यमा भारतीय निजी र भाडाका सवारीसाधन खरिद गरी नेपालमा वर्षभरि व्यवसाय सञ्चालन गरेकोप्रति राज्य बेखबर जस्तै बनिरहेको संघले जनाएको छ।

पछिल्ला समयमा पर्यटकको स्वास्थ्य र सुरक्षालाई बेवास्ता गर्दै सीमानाकाबाट एकै दिनमा मुस्ताङ र मनाङजस्ता उच्च हिमाली क्षेत्रमा पुऱ्याउने प्रवृत्तिले गम्भीर जोखिम निम्त्याएको उल्लेख गर्दै विज्ञप्तिमा भनिएको छ, 'अन्नपूर्ण संरक्षण क्षेत्र तथा माथिल्लो मुस्ताङको अनुमतिपत्र सकेसम्म छलेर जाने प्रवृत्ति बढ्दै जानुका साथै विदेशी सवारी चालकले मादक पदार्थ सेवन गरी रात्रिकालीन समयमा पनि यात्रा गर्ने गरेकाले दुर्घटनाको जोखिम बढिरहेको छ।'

यी समस्यालाई दृष्टिगत गरी राज्यका तर्फबाट विदेशी सवारीसाधनको प्रभावकारी रूपमा चेकजाँच गर्नुका साथै कानुनसम्मत रूपमा अभिलेखीकरण गरी कडाइका साथ नियन्त्रण गर्नुपर्नेमा सङ्घका अध्यक्ष दाहालले जोड दिए । 'गण्डकी प्रदेशको राजधानी तथा देशकै पर्यटकीय राजधानी पोखराजस्तो व्यस्त सहरसँगै अन्य प्रमुख पर्यटकीय गन्तव्यमा जथाभावी पार्किङ गर्न निषेध गरिनु पनि आजको आवश्यकता हो', उनले भने।

निषेधित सार्वजनिक सडक तथा स्थलमा जथाभाबी खाना पकाउने र फोहोर गर्ने कार्यको नियमित अनुगमन गरी कडा कारबाही गर्नुपर्ने, नेपाली सवारीसाधनलाई जस्तै विदेशी सवारीसाधनलाई पनि रूट परमिट, जाँचपास तथा भन्सार प्रक्रिया अनिवार्य रूपमा लागू गरिनुपर्ने विज्ञप्तिमा भनिएको छ।

विद्यमान कानुनअनुसार विदेशी सवारीसाधनलाई लाग्ने भन्सार, रूट परमिट तथा जाँचपास शुल्क हालको अवस्थामा सस्तो भएकाले सो शुल्क वृद्धि गरिनुपर्ने भन्दै संघले यी विषयमा सरोकार भएका निकायको समयमै ध्यानाकर्षण भइ कानुनको प्रभावकारीमा जोड दिएको हो । कानुनको कार्यान्वयन प्रभावकारी रूपमा हुन सके पर्यटन क्षेत्र सुरक्षित, व्यवस्थित र दिगो बन्ने संघले विश्वास व्यक्त गरेको छ।

# निर्वाचनको प्रचारप्रसारमा बालबालिकाको प्रयोग नगर्न आग्रह




**काठमाडौं/मस-** नेपाली कांग्रेसका प्रवक्ता देवराज चालिसेले निर्वाचनको प्रचारप्रसारमा निर्वाचान आचारसंहिता विपरित बालबालिकाको प्रयोग भएको आरोप लगाएका छन्। नेपाली कांग्रेस केन्द्रीय प्रचारप्रसार समितिले आयोजना गरेको पत्रकार सम्मेलनमा पार्टीका प्रवक्ता देवराज चालिसेले बालबालिकालाई राजनीतिक गतिविधिमा प्रयोग गर्नु आपत्तिजनक भएको बताएका हुन्।

सानासाना बालबालिका चढेको बस प्रयोग गरी अभिभावकलाई चुनाव चिन्ह् र उम्मेदवारका पक्षमा प्रचार गराउनेजस्ता गतिविधि जिम्मेवार राजनीतिक दलले गर्न नहुने उनको भनाइ छ । उनले विशेषगरी चितवनमा निर्वाचनका लागि मत माग्न बालबालिकालाई प्रयोग गरेको भेटिएको जानकारी दिए। यस्ता गतिविधि रोक्न उनले निर्वाचन आयोगको ध्यानाकर्षण गराए। चालिसेले अन्य केही दलका कार्यकर्ताले आचारसंहिता मर्यादित ढंगले पालना नगरेको गुनासो आएको बताए । उनले फरक विचार राख्ने दल तथा उम्मेदवारविरुद्ध सामाजिक सञ्जालमार्फत अमर्यादित टिप्पणी र घृणा फैलाउने गतिविधि रोक्न पनि आग्रह गरे। यसले स्वस्थ राजनीतिक प्रतिस्पर्धाको वातावरण बिथोलिँदै जाने उनको भनाइ छ।

आफ्ना धारणा राख्दा सबै राजनीतिक दल र उम्मेदवारले मर्यादित भाषा र व्यवहार अपनाउनुपर्नेमा जोड दिँदै उनले नेपाली कांग्रेस पनि यस विषयमा सचेत रहेको बताए । उनले निर्वाचनमा मतदान गर्नुअघि उम्मेदवार र राजनीतिक दलको पृष्ठभूमिका बारेमा जानकारी राख्न पनि आग्रह गरे । उनले असन्तुष्टिबाट नै अधिनायकवादको जन्म हुने उल्लेख गर्दै नेपालमा पनि सचेत रहन आग्रह गरे। उनले विगतमा गरेका काम र भविष्यमा गर्न सक्ने क्षमताको आधारमा मतदान पनि आग्रह गरे।

VACANCY
ANNOUNCEMENT
एक प्रतिष्ठित म्यानपावर कम्पनीका लागि निम्न कर्मचारीहरु आवश्यक भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।
Documentation - 2 (Female) Salary - 22,000
Reception - 2 (Female) Salary - 17,000
Requirements:-
★ Minimum 2 to 3 Years Experienced in Related Fields.
★ Priority will be given for Manpower Experienced.
Send Your CV at chairman@cpr.com.np
Contact us at +977 9801121045, 9851340071
CONCEPT PLACEMENT RESOURCE PVT. LTD.
Basundhara 5, Kathmandu Nepal.Contact: 977 15918247
Email:, Website:www.cpr.com.np
श्रम ई. पत्र नं. १६३६/०८०/०८१

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

२३ माघ २०८२ शुक्रबार
6 February 2026 Friday

## सम्पादकीय

# फास्ट ट्र्याकको गति बढाऊ

देश विकासको गति मापन गर्ने आधारमध्ये ठुला पूर्वाधार आयोजना पनि एक हुन् । तर नेपालमा ठुला आयोजना वर्षौंसम्म अल्झिने र लक्षित समयमा पूरा नहुने ठुलो समस्या बनेको छ । यो नै आमनागरिकमा निरासा बढाउने मुख्य कारण बन्न पुगेको छ । २०४६ सालको परिवर्तनसँगै अघि बढाइएको मेलम्ची खानेपानी आयोजना बन्न तीन दशक लाग्नु, अन्य दर्जनौं आयोजना अलपत्र वा सुस्त गतिमा हुनुजस्ता उदाहरणले राज्यको कार्यक्षमतामाथि गम्भीर प्रश्न उठाएको छ । त्यही सूचीमा काठमाडौं–निजगढ (तराई–मधेश) द्रुतमार्ग पर्ने जोखिम बढेको छ । काठमाडौं उपत्यकालाई सिधै तराई–मधेससँग जोड्ने उद्देश्यले अघि बढाइएको यो आयोजना सम्पन्न भएपछि हाल करिब ६ घण्टा लाग्ने यात्रा १ घण्टामा सीमित हुने लक्ष्य लिइएको छ । यसले ढुवानी खर्च घटाउने, व्यापार र उद्योगलाई चलायमान बनाउने, पर्यटन प्रवर्धन गर्ने र समग्र अर्थतन्त्रमा दीर्घकालीन सकारात्मक प्रभाव पार्ने अपेक्षासहित राष्ट्रिय लगानीमा यो महत्वाकांक्षी आयोजना सुरू गरिएको छ । नेपाली सेनालाई नै यो फास्ट ट्र्याक निर्माणको जिम्मेवारी दिनुको अर्थ यसमा अरू आयोजनाजस्तो ढिलासुस्ती नहोस् भन्ने चाहना राज्यको देखिन्छ । तर यथार्थ भने अपेक्षाभन्दा निकै सुस्त देखिन्छ । निर्माण थालिएको आठ वर्ष पुग्दा भौतिक प्रगति ४५ दशमलव १५ प्रतिशत र वित्तीय प्रगति ४५ दशमलव ३३ प्रतिशत मात्र पुगेको छ । झन्डै ७१ किलोमिटर लामो द्रुतमार्गमा ६ सुरूङ्मार्ग, ८९ पुल र जटिल पहाडी भू–भाग छन् । केही खण्डमा जग्गा अधिग्रहण, वन क्षेत्र प्रयोग अनुमति र स्थानीय तहसँग समन्वय अभावले ढिलाइ भएको बताइन्छ । विशेषगरी खोकना क्षेत्रमा जग्गासम्बन्धी समस्या अझै समाधान हुन सकेको छैन । यस्ता प्रशासनिक र संरचनागत अवरोध समयमै हटाउन नसके परियोजना फेरि लम्बिने देखिन्छ ।

सेनाले अनावश्यक लागत वृद्धि हुन नदिन ध्यान दिइरहेको बताएको छ । तर फास्ट ट्र्याक नाम राखेर सुस्त काम गर्नु नै खर्च बढाउने मुख्य कारण बन्न सक्छ । कुल २ खर्ब ११ अर्ब ९३ करोड लागत अनुमान गरिएको आयोजनामा हालसम्म ८२ अर्ब ९७ करोड खर्च भइसकेको छ । सुरूमा १ खर्ब ७५ अर्ब १९ करोड लागत रहेको आयोजना समयमा पूरा नहुँदा खर्च बढ्दै जानुले थप आर्थिक भार बढाउँदै गएको देखिन्छ । त्यसैले अब सरकार, नेपाली सेना र सम्बन्धित निकायबीच उच्चस्तरीय समन्वय, स्पष्ट निर्णय र निर्माणको गति बढाउन आवश्यक नीति अबलम्बन गर्नु जरूरी छ । जग्गा अधिग्रहणदेखि प्रशासनिक अनुमतिसम्मका समस्या छिटो समाधान गर्न विशेष संयन्त्र आवश्यक छ । ढिलो विकासले निरासा जन्माउँछ भने द्रुत विकासले आशा जगाउँछ । त्यसैले निर्माण कार्यको गति बढाएर बहुप्रतीक्षित यो आयोजना छिटो पूरा गर्नुमै राज्यको ध्यान केन्द्रित हुनुपर्छ ।

अन्तर्राष्ट्रिय कानुनविद् **डा. बलराम श्रेष्ठ** जापानमा प्रमाणित विदेशी अधिवक्ताका रूपमा कार्यरत छन् । कानुनी क्षेत्रमा दुई दशकभन्दा बढी अनुभव बोकेको अनुभवी व्यक्तित्वका रूपमा परिचित डा. श्रेष्ठसँग नेपालमा २२ वर्ष र जापानमा १० वर्षसम्म अधिवक्ताका रूपमा कार्य गरेको अनुभव छ । विभिन्न अन्तर्राष्ट्रिय कम्पनीहरूलाई कर्पोरेट व्यावसायिक कानुनसम्बन्धी परामर्श तथा कानुनी सेवा प्रदान गर्दै आएका डा. श्रेष्ठको कार्यालयले स्वदेशी तथा विदेशी कर्पोरेट ग्राहक, बैंक तथा वित्तीय संस्था, धितोपत्र कम्पनी, विदेशी लगानीकर्ता, अस्पताल तथा अन्तर्राष्ट्रिय हवाई सेवा कम्पनीहरूलाई कानुनी परामर्श तथा सेवा प्रदान गर्दै आएको छ ।

त्रिभुवन विश्वविद्यालयको कानुन संकायबाट स्नातकोत्तर उपाधि हासिल गरेका श्रेष्ठले जापानको टोक्यो युनिभर्सिटी अफ एग्रिकल्चर एन्ड टेक्नोलोजीबाट विद्यावारिधि पूरा गरेका हुन् । सन् २०१० देखि २०१४ सम्म जापानका प्रतिष्ठित नागाया ओकुमुरा ल फर्म तथा टोक्यो जस्टिस ल फर्ममा अन्तर्राष्ट्रिय अधिवक्ताका रूपमा कार्य गरेका डा. श्रेष्ठ जापान–नेपाल बिजनेस चेम्बर अफ कमर्सका उपाध्यक्ष पनि हुन् । डा. श्रेष्ठको राजनीतिक विश्लेषकका रूपमा पनि परिचित छन् । अन्तर्राष्ट्रिय कानुनविद् तथा राजनीतिक विश्लेषक डा. बलराम श्रेष्ठसँग मध्यान्ह दैनिकका लागि जापानको राजधानी टोकियोबाट **सरोज दाहाल**ले नेपालको राजनीतिक विषयमा कुराकानी गरेका छन् । डा. श्रेष्ठसँग गरिएको कुराकानीको सम्पादित अंश :



# नेपाल 'आवश्यकताको सिद्धान्त'बाट चलिरहेको छ

**डा. बलराम श्रेष्ठ,**
अन्तर्राष्ट्रिय कानुनविद् तथा राजनीतिक विश्लेषक

**नेपालमा भदौ २३ र २४ गते भएको 'जेनजी आन्दोलन' पछिको विकसित राजनीतिक घटनाक्रमलाई तपाईंले कसरी हेरिरहनुभएको छ ?**

म भदौ २३ गतेको आन्दोलनलाई मात्रै वास्तविक 'जेनजी आन्दोलन' मान्छु । त्यो आन्दोलनले दुईवटा स्पष्ट सन्देश दिएको छ - एक, भ्रष्टाचारमुक्त शासन चाहियो र दुई, सुशासन अनिवार्य छ । तर भदौ २४ गते भएको हिंसात्मक गतिविधिलाई म जेनजी आन्दोलन मान्दिनँ । त्यो घुसपैठ थियो, आतंक थियो । नेपाली समाजले अहिलेसम्म न भोगेको, न कल्पना गरेको घटना थियो त्यो । दुर्भाग्यवश, भदौ २३ गते उठाइएका मुद्दाहरू अहिले चुनावी चहलपहलमा ओझेल परेका छन् । आन्दोलनको एजेन्डा संस्थागत रूपमा सम्बोधन भएको देखिँदैन ।

**यतिबेला भनिन्छ– राजनीति देशमा भन्दा प्रदेश र सडकमा बढी चलिरहेको छ । विदेशमा रहेका नेपालीहरूले नेपालको राजनीतिलाई कसरी हेरिरहेका छन् ?**

देशभित्र जति चाप र ताप छ, विदेशमा रहेका नेपालीहरू पनि उति नै चिन्तित छन् । टोकियो, ओसाका, दुबई वा कतार - जहाँ बसे पनि नेपालीहरू नेपालको राजनीतिक अस्थिरताबाट भावनात्मक रूपमा जोडिएका छन् । उनीहरू स्थायित्व चाहन्छन्, भरोसायोग्य नेतृत्व चाहन्छन् र 'यो देश अब कता जाँदैछ ?' भन्ने प्रश्नको जवाफ खोजिरहेका छन् ।

**नेपाली कांग्रेसमा विशेष महाधिवेशनपछि गगन थापा सभापति बनेका छन् । निर्वाचन आयोगले वैधता दिएको छ, सर्वोच्च अदालत मौन देखिएको छ । यसलाई कानुनी रूपमा कसरी बुझ्ने ?**

अहिले देश 'आवश्यकताको सिद्धान्त'बाट चलिरहेको छ । यदि तोकिएको समयमा चुनाव भएन भने राज्य नै संकटमा पर्न सक्छ भन्ने अवस्था थियो । निर्वाचन आयोगले पनि यही बाध्यतालाई मध्यनजर गर्दै निर्णय गरेको देखिन्छ । अदालतले अन्तरिम आदेश नदिनु पनि यही संवेदनशील परिस्थितिको परिणाम हो । पूर्ण फैसला नआएसम्म यसबारे अन्तिम टिप्पणी गर्न सकिँदैन ।

> *यदि तोकिएको समयमा चुनाव भएन भने राज्य नै संकटमा पर्न सक्छ भन्ने अवस्था थियो । निर्वाचन आयोगले पनि यही बाध्यतालाई मध्यनजर गर्दै निर्णय गरेको देखिन्छ । अदालतले अन्तरिम आदेश नदिनु पनि यही संवेदनशील परिस्थितिको परिणाम हो ।*

**के कांग्रेसलाई जानाजानी कमजोर बनाउन खोजिएको हो ? निर्वाचन आयोगको निर्णयमाथि शंका गर्न मिल्छ ?**

शंका गर्ने ठाउँ अवश्य छ । मनोनयनको ठीक दुई दिन अघि गरिएको निर्णय, स्पष्टीकरणको समय नदिनु, यी सबैले कांग्रेसलाई विभाजित अवस्थामा राख्ने नियत देखिन्छ । यो शेरबहादुर देउवालाई निरन्तरता दिने वा गगन थापालाई सभापति बनाउनेभन्दा पनि कांग्रेसलाई कमजोर बनाउने खेल हो ।

**जेनजी आन्दोलनको एउटा मुख्य माग दलभित्र सुधार पनि थियो । एमाले, माओवादी, स्वतन्त्र शक्तिहरू एकजुट देखिन्छन् तर कांग्रेसमा किन अन्योल ?**

कांग्रेस लोकतान्त्रिक पार्टी हो, त्यसैले परिवर्तन पनि 'ड्यू प्रोसेस'बाटै खोज्छ । कांग्रेसभित्र रुपान्तरण आवश्यक थियो, तर त्यो जबर्जस्ती भयो कि भन्ने अनुभूति धेरैलाई छ । युवापुस्ताले उठाएको आवाज सही हो, तर प्रक्रिया मिचेर गरिएको परिवर्तनले दीर्घकालीन समस्या जन्माउँछ ।

**कांग्रेसमा देखिएको अन्योल वैचारिक संकट हो कि नेतृत्व संकट ?**

यो वैचारिक संकट होइन, नेतृत्व संकट हो । कांग्रेसको विचार स्पष्ट छ- लोकतन्त्र, मानवअधिकार, उद्यमशीलता र समृद्धि, तर लामो समय एउटै नेतृत्व रहँदा स्वाभाविक रूपमा मोनोटनी आउँछ । अहिले देखिएको संघर्ष पुस्तान्तरणको प्रक्रिया हो ।

**कांग्रेसभित्र वरिष्ठ नेताहरू साइडलाइनमा परेको देखिन्छ । यो राजनीतिक सफाया त होइन ?**

सफाया होइन, समायोजनको समस्या हो । ती वरिष्ठ नेताहरूको योगदान अस्वीकार गर्न मिल्दैन । परिवारमा अंशबन्डा गर्दा सम्मानसाथ गर्नुपर्छ - राजनीतिमा पनि त्यही सिद्धान्त लागू हुनुपर्छ ।

**यो अवस्थामा चुनाव भयो भने कांग्रेसको नतिजा कस्तो आउला ?**

कांग्रेस अझै पनि देशको सबैभन्दा ठूलो शक्ति बन्ने सम्भावना राख्छ । यसपटक सबै पार्टीहरू अलग–अलग चुनाव लडिरहेका छन् । यदि कांग्रेस एक ढिक्का भएर चुनावमा गयो भने पहिलो शक्ति बन्न सक्छ ।

**स्वतन्त्र र नयाँ दलहरूको उभारले कांग्रेसलाई कमजोर बनाउँछ कि बलियो ?**

यो चेतावनी हो, खतरा मात्र होइन । कांग्रेसले युवालाई, रोजगारीलाई र उत्पादनलाई प्राथमिकता दिन सकेन भने समस्या हुन्छ तर समयमै सुधार भयो भने कांग्रेस अझ मजबुत हुन्छ ।

**अन्त्यमा, कांग्रेस अब इतिहासको पानामा नाम लेख्दै छ कि मेटिँदै ?**


कांग्रेस इतिहास मेटिने पार्टी होइन । लोकतन्त्र, समृद्धि र व्यक्तिगत स्वतन्त्रताको सपना बोकेको पार्टी कहिल्यै सानो हुँदैन । सही नेतृत्व, सही नीति र एकतासहित अघि बढ्यो भने कांग्रेस फेरि राष्ट्रिय भरोसाको केन्द्र बन्छ ।

## इतिहासमा आज


६ फेब्रुअरी २०१८ मा स्पेसएक्सको फाल्कन हेभी यान प्रक्षेपण गरेको थियो । जुन स्पेस एक्सको पहिलो सफल परीक्षण थियो ।



६ फेब्रुअरी २००६ मा स्टिफन हार्पर क्यानडाको प्रधानमन्त्री बनेका थिए ।



६ फेब्रुअरी २००० रूसले चेचन्याको ग्रोज्नी कब्जा गरेको थियो । जसले गर्दा पृथकतावादी चेचेन गणराज्य इचकेरिया सरकार प्रमुख निर्वासनमा जान बाध्य भएका थिए ।




६ फेब्रुअरी १९९८ मा वासिंगटन राष्ट्रिय विमानस्थलको नाम रोनाल्ड रेगन राष्ट्रिय विमानस्थल राखिएको थियो ।



# आसन्न निर्वाचन र क्रान्तिकारीको कार्यभार

विचार



● नारायण शर्मा

> *पुराना संसदीय व्यवस्था र कानुनी प्रावधानलाई परिमार्जन गर्न र सुधार गर्न नयाँ, सक्षम र जिम्मेवार अग्रगामी अन्तरिम व्यवस्था स्थापना गर्न आवश्यक छ । यस अन्तरिम व्यवस्थाले स्वाधीनता र जनअधिकारको रक्षा गर्दै, जनसंविधानको पुनर्लेखन गर्ने कार्य गर्नुपर्छ ।*

नेपाल कम्युनिस्ट पार्टीले एकीकृत भएदेखि नै आफ्नो स्पष्ट नीति र विचार प्रस्तुत गर्दै आएको छ । पार्टीले वर्तमान सरकारलाई असंवैधानिक र जनविरोधी मान्दै, यस सरकारका कृत्य र कार्यशैलीको कडा आलोचना गरेको छ । पार्टीको मुख्य ध्यान समग्र देशको विकास र जनताको वास्तविक हितमा केन्द्रित रहेको छ, जसका लागि साम्राज्यवाद र पुँजीवादी शक्तिहरूसँगको सम्झौतामा न अडिने स्पष्ट दृढता राखेको छ ।

